# टोखा नगरपालिका

टोखा नगरपालिकाको कार्यालयद्वारा प्रकाशित

## स्थानीय राजपत्र

खण्ड ७ संख्या ४ मितिः २०८२/०३/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ङ) बमोजिम टोखा नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग–२

# टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सम्बन्धी कार्यविधि, २०८० (प्रथम संसोधन २०८२)

प्रथम संसोधन मितिः २०८२/०३/०२

**प्रस्तावनाः** नेपाल सरकारले सुरु गरेको सामाजिक सुरक्षा कोषको अवधारणालाई आत्मसात गर्दै *.... टोखा नगरपालिका अन्तर्गत कार्यरत कर्मचारी र शिक्षकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई उनीहरुको सेवा निवृत्त

*१५औं कार्यपालिका बैंठक मिति २०८२/०३/०२को निर्णय नं ७ मा भएको निर्णयका आधारमा

जीवन सुरक्षित र सुखमय बनाउनटोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो टोखा नगरपालिकाका कर्मचारी/सामूदायिक विद्यालयका कर्मचारी तथा शिक्षकहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न वान्छनिय भएकोले "टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी कार्यविधि, २०८०" जारि गरिएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधितत्काल लागु हुनेछ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "ऐन" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ लाई सम्झनुपर्छ।

ख. "कार्यपालिका" भन्नाले टोखा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

ग. "कोष" भन्नाले ऐन बमोजिम स्थापित सामाजिक सुरक्षा कोषलाई सम्झनुपर्छ।

घ. "नगरपालिका" भन्नाले टोखा नगरपालिका सम्झनुपर्छ।

ङ. "परिवार" भन्नाले कर्मचारीसँग एकाघर वा संगोलमा बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने जीवित पति, पत्नी, छोरा, छोरी, बुहारी,

नाति, नातिनी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष कर्मचारीको हकमा निजको बाजे बज्यै तथा महिला कर्मचारीको हकमा निजको सासू ससुरालाई समेत जनाउँछ।

च. ....

*"कर्मचारी" भन्नाले टोखा नगरपालिकाको कार्यालय, नगरपालिका अन्तर्गतको वडा कार्यालय, आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी, नगरप्रहरी, शिक्षक तथा विद्यालय कर्मचारी सम्झनुपर्छ।

छ. "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

झ. "शाखा" भन्नाले नगरपालिकामा रहेको बिषयगत कार्य हेर्ने विभाग वा शाखा वा इकाईलाई सम्झनुपर्छ।

ञ. "वडा" भन्नाले टोखा नगरपालिकाको वडा कार्यालयलाई सम्झनुपर्छ।

ट. "दरबन्दी" भन्नाले नगरपालिकाबाट स्वीकृत दरबन्दीलाई सम्झनुपर्छ।

ठ. "योगदान" भन्नाले कर्मचारी र नगरपालिकाले व्यहोर्ने रकमलाई सम्झनुपर्छ।

ड. *"पारिश्रमिक रकम" भन्नाले नेपाल सरकारले तोकिएको सम्बन्धित कर्मचारुले खाइपाई आएको अधाभारभूत पारिश्रमिकको ७० प्रतिशतलाई सम्झनुपर्छ।

ढ. "कार्यालय" भन्नाले टोखा नगरपालिकाको कार्यालय, वडा कार्यालय, आधारभूत स्वास्थ्य केन्द्र र सामूदायिक विद्यालयहरु समेतलाई सम्झनुपर्दछ।

---

*१५औं कार्यपालिका बैंठक मिति २०८२/०३/०२को निर्णय नं ७ मा भएको निर्णयका आधारमा

*१५औं कार्यपालिका बैंठक मिति २०८२/०३/०२को निर्णय नं ७ मा भएको निर्णयका आधारमा

## परिच्छेद – २

## आबद्धता सम्बन्धी व्यवस्था

३. **आबद्धता** : *(१) यस नगरपालिका वा अन्तर्गत कार्यालय वा सामुदायिक शैक्षिक संस्थामा .... भई कार्यरत करार सेवा र अस्थायी कर्मचारीलाई मात्र सामाजिक सुरक्षा कोषमा नियमानुसार आबद्ध गराइने छ।

*(२) उपदफा (१) बमोजिम आबद्ध हुन चाहने कर्मचारी यस अघि सरकारी रकमबाट निबृत्तिभरण वा उपदान नपाएको वा पाउन योग्य नभएको हुनुपर्नेछ। साथै निजले निवेदन दिने मितिसम्म नगरपालिका वा अन्तर्गतका कार्यालय/सामुदायिक शैक्षिक संस्थामा कम्तीमा ३ वर्ष सेवा अवधि पूरा गरेको हुनु पर्नेछ। नगरपालिकामा ...... दरबन्दीमा कार्यरत करार सेवा र अस्थायी कर्मचारीलाई ३ वर्ष सेवा अवधि पुगेपछिको श्रावण १ वा माघ १ देखि संलग्न गराउन सकिने छ।

(३) आवद्ध हुन चाहने कर्मचारीले प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ।

(४) उपदफा (३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकामा पेश भएका निवेदनहरूको आवश्यक छानबीन गरी उपयुक्त लागेमा योग्य कर्मचारीको सूची सामाजिक सुरक्षा कोषमा सूचीकरण तथा परिचयपत्रका लागि पठाउनु पर्नेछ।

४. **कोषकट्टी रकम जम्मा गरिने** : (१) ............

*दफा ३ अनुसार सूचिकरणमा परेका व्यक्तिको हकमा नेपाल सरकार निर्धारण गरेको सुरुको तलव स्केल वा खाइपाई आएको तलबको ७० प्रतिशतलाई आधारभूत तलब मानी ३१% ले हुने रकम

*१५औं कार्यपालिका बैंठक मिति २०८२/०३/०२को निर्णय नं ७ मा भएको निर्णयका आधारमा
*१५औं कार्यपालिका बैंठक मिति २०८२/०३/०२को निर्णय नं ७ मा भएको निर्णयका आधारमा
*१५औं कार्यपालिका बैंठक मिति २०८२/०३/०२को निर्णय नं ७ मा भएको निर्णयका आधारमा

नगरपालिकाबाट नियमित मासिक रुपमा सामाजिक सुरक्षा कोषमा सम्बन्धित कर्मचारीको खातामा दाखिला गरिनेछ।

*(२) उपदफा (१) मा उल्लेखित ३१ प्रतिशत रकममध्ये ११ प्रतिशत रकम सम्बन्धित कर्मचारीको पारिश्रमिकबाट कट्टा गरिने र २० प्रतिशत रकम नगरपालिकाको कार्यालयबाट थप गरी सामाजिक सुरक्षा कोषमा सम्बन्धित ब्यक्तिको नाममा खोलिएको खातामा जम्मा गरिनेछ।

(३) उपदफा (१) अनुसारको रकमको योगदान अन्यथा व्यवस्था भएबाहेक यस नगरपालिकामा कार्यरत हुँदासम्म मात्र निरन्तरता हुनेछ।

## परिच्छेद – ३

## सञ्चयकर्ताले पाउने सुविधा

५. **संचयकर्ताले पाउने सुविधाः** सामाजिक सुरक्षा कोषमा आबद्ध भएका कर्मचारीले पेन्सन लगायत सबै प्रकारका सुविधा प्रचलित कानुनमा उल्लेख भए बमोजिम पाउनेछ।

## परिच्छेद –४

## बिनियोजन तथा खर्च

६. **कोषको रकम विनियोजन :** (१) यस कार्यविधि अनुसार प्रत्येक वर्ष कोषका लागि नगर सभाले बजेटमार्फत आवश्यक रकम विनियोजन गर्नेछ।

*१५औं कार्यपालिका बैंठक मिति २०८२/०३/०२को निर्णय नं ७ मा भएको निर्णयका आधारमा

(२) विनियोजित रकम कोषमा जम्मा गर्ने, खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गर्ने गराउने जिम्मा प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

## परिच्छेद – ५

## संशोधन तथा परिमार्जन

७. **संशोधन तथा परिमार्जनः** यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद ६

## बिबिध

८. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएबमोजिम बाहेक अन्यको हकमा प्रचलित कानुनबमोजिम हुने छ । यस कार्यविधिमा उल्लेख भएको विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची १

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

काठमाडौं ।

विषयः सूचीकरण सम्बन्धमा ।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २० बमोजिम यसकार्यालयमा कार्यरत रहेका कर्मचारी/शिक्षकको हैसियतमा सामाजिक सुरक्षा कोषमासूचीकरण हुन पाउँ भनी देहायका कागजात सहित निवेदन गर्दछु।

निवेदकको

| **विवरण** | **पहिलो** | **बीचको** | **अन्तिम** |
|---|---|---|---|
| नाम, थर (नेपालीमा) | | | |
| नाम, थर (अङ्ग्रेजीमा) | | | |
| बाबुको नाम | | | |
| आमाको नाम | | | |
| पति /पत्नीको नाम | | | |
| बाजे बज्यैको नाम | | | |
| इच्छ्याएको व्यक्तिको नाम | | | |

जन्म मितिःलिङ्गः महिला पुरुष अन्यः

| | | |
|---|---|---|
| नागरिकता नं.:<br>राष्ट्रिय परिचय पत्र नं. | जारी जिल्लाः<br>जारी जिल्लाः | जारी मितिः २० साल महिना गते<br>जारी मितिः २० साल महिना गते |
| स्थायी लेखा नं.: | ब्लड ग्रुपः | शुरु नियुक्ति मितिः २० साल महिना गते |

**स्थायी ठेगाना**

प्रदेशः जिल्लाः गा.पा./ न.पा./ उ.प.म.न.पा./म.न.पा.:

टोलः वडा नं.: ब्लक नं.: टेलिफोन नं.: मोबाइल नं.:

इमेलः

**हालको ठेगाना**

प्रदेशः जिल्लाः गा.पा./ न.पा./ उप.म. न.पा./ म.न.पा.:

हालको कार्यरत स्थानः पदः

निवेदकको हस्ताक्षर :-

**प्रमाणीकरण मितिः २०८१/०९/१८**

**आज्ञाले,**
**शेर बहादुर बि सी**
**प्रमुख प्रशासकीय अधिकृत**